# वर्जु गाउँपालिकाको कार्यालय

# स्थानिय राजपत्र

**खण्ड :- ३** **संख्या :- ४३** **मिती माघ ११,२०७९**

## भाग -१

## वर्जु गाउँपालिकाको कार्यालय सुनसरी

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी वर्जु गाउँपालिकाबाट सर्वसाधारणको जानकारीका लागी यो राजपत्र प्रकाशन गरिएको छ ।

# वर्जु गाउँपालिकाको कर्मचारीको तह तथा स्तरवृधि सम्बन्धमा व्यवस्थान गर्ने ऐन,२०७९

**सभाबाट स्वीकृत मिती २०७९।१०।०८**

**प्रमाणिकरण मिती २०७९।१०।१०**

**प्रस्तावना :-**

नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ को व्यवस्थालाई समेत मध्यनजर गरी साविक स्थानिय निकायमा स्थायी रुपमा कार्यरत रही वर्जु गाउँपालिकामा समायोजित कर्मचारीको तह तथा स्तरबृद्धि सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले वर्जु गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

परिच्छेद :- १

## प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भ :-

(१) यो ऐनको नाम "कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धी ऐन २०७९" रहेको छ ।

(२) यो ऐनको प्रारम्भ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

(२) परिभाषा :- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाउँपालिका" भन्नाले वर्जु गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा समितीको कार्यालय समेतलाई जनाउछ ।

(ग) "प्रमुख" भन्नाले वर्जु गाउँपालिकाको गाउँपालिका अध्यक्ष लाई सम्झनु पर्दछ ।

(घ) "उपप्रमुख" भन्नाले वर्जु गाउँपालिकाको गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) “स्थायी पद” भन्नाले गाउँपालिकाको गाउँसभाद्धारा स्वीकृत दरबन्दीका पदलाई सम्झनु पर्दछ ।

(छ) “कार्यपालिका” भन्नाले वर्जु गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज) “गाउँ सभा” भन्नाले वर्जु गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(झ) “कर्मचारी” भन्नाले साविक स्थानीय निकाय (गा.बि.स. ⁄ न.पा.)मा स्थाई नियुक्ती पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी सम्झनु पर्दछ ।

(ञ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले गाउँपालिकाको गाउँकार्यपालिकाले यस ऐन बमोजिम बनाएको नियमावलि,कार्यविधि,निर्देशिका एवं समय समयमा कार्यपालिकाले निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ट) “तह तथा स्तरवृद्धि” भन्नाले साविक स्थानीय निकाय (गा.बि.स. ⁄ न.पा)मा स्थायी नियुक्ती पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको तह तथा स्तरवृद्धि सम्झनु पर्दछ ।

परिच्छेद -२

## तह तथा स्तरवृद्धि सम्बन्धमा

(३) तह तथा स्तरवृद्धि सम्बन्धी बिशेष व्यवस्था :- (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कर्मचारी समायोजन ऐन २०७५ अनुसार तह तथा स्तरवृद्धि नपाएका साविक स्थानीय निकाय (गा.बि.स. ⁄ न.पा.)मा नियुक्ती पाई स्थायी कर्मचारीको रुपमा कार्यरत रही यो ऐन प्रारम्भ हुँदाको बखत देहाय अनुसारको सेवा अवधि,शैक्षिह योग्यता पुरा गरेका र बिभागीय कारबाहीमा नपरेका वर्जु गाँउपालिकामा स्थायी रुपमा कार्यरत कर्मचारीहरुलाई यो ऐन जारी भए पछि एक पटकको लागी मात्र देहाय बमोजिम तह स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्था गरी एक तह माथिको पदमा तह तथा स्तरवृद्धि गरिने छ ।

(क) श्रेणी विहिन प्रथम तह देखि चर्तुथतह सम्मका (कार्यालय सहयोगी) हाल बहाल रहेका स्तरमा कर्मचारी समायोजन ऐन २०७५ लागु हुनु भन्दा अगावै ३ (तिन) वर्ष सेवा अवधि पुरा गरेको कर्मचारीलाई माथिल्लोस्तरमा स्तर वृद्धि गरिने छ ।

(ख) सहायकस्तर चौथो तहमा कर्मचारी समायोजन ऐन २०७५ लागु हुनु भन्दा अगावै ५ (पाँच) वर्ष वा सो भन्दा बढी अवधि काम गरेको र शैक्षिक योग्यता एस.एल.सी. वा सो सरहको परीक्षा उतिर्ण गरेका कर्मचारीहरुलाई पाँचौ तहमा तहवृद्धि गरिने छ ।

(ग) सहायकस्तर पाँचौ तहमा कर्मचारी समायोजन ऐन २०७५ लागु हुनु भन्दा अगावै ५ (पाँच) वर्ष वा सो भन्दा बढी अवधि काम गरेका र प्रविणता प्रमाण पत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको कर्मचारीलाई अधिकृतस्तर छैठो तहमा तहवृद्धि गरिने छ ।

(४) यो ऐन प्रारम्भ भए पछि यस ऐन बमोजिमको तह तथा स्तरबृद्धिको प्रकियालाई दफा ८ बमोजिमको समितीले तहवृद्धि सम्बन्धी कार्य प्रकृया तत्काल अगाडि बढाउने छ ।

(५) यस ऐन बमोजिम हुने तह तथा स्तरवृद्धिको लागि आवेदन फाराम भरी दर्ता गराउनका लागि ७ (सात) दिनको म्याद दिई गाउँपालिकाको कार्यालयमा सूचना प्रकाशन गरिने छ ।

(६) उपदफा ५ बमोजिम प्राप्त हुन आएका दरखास्त माथि छानविन गरी ७ (सात) दिन भित्र तह तथा स्तरवृद्धि गरी पदस्थापना गर्नु पर्ने छ ।

## परिच्छेद :-३

## तह तथा स्तर वृद्धि सम्बन्धि व्यवस्था

(८) तह वृद्धिका लागि समिति गठन सम्बन्धि व्यवस्था :-(१) यस ऐन बमोजिम कर्मचारीको तहवृद्धि र स्तरवृद्धि गर्न देहाय बमोजिमको एक समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रमुखले तोकेको अधिकृतस्तरको कर्मचारी १ जना - सदस्य

(ग) सम्बन्धित जिल्लाका जि. प्रशासन कार्यालयको प्रतिनिधी १ जना - सदस्य

(घ) प्रशासन शाखाको प्रमुख - सदस्य सचिव

(९) ज्येष्ठता निर्धारणको आधार :- तह वा स्तरवृद्धि भएको कर्मचारीहरुको जेष्ठता निर्धारण गर्दा तह वा स्तरवृद्धि भएको तह भन्दा अघिल्लो तहमा नियुक्ती वा बढुवा पाउदा कायम भएको ज्येष्ठता निर्धारणको आधार मानिने छ ।

(१०) पदस्थापना सम्बर्नधि व्यवस्था :- यस ऐन बमोजिम तह तथा स्तरवृद्धि भएको कर्मचारीहरुको मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृत बाट पदस्थापना गर्नु पर्ने छ ।

(११) समायोजन पत्र दिने :- (१) यस ऐन बमोजिम समायोजन भए पश्चात स्तर वृद्धि भएका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइने पत्र अनुसूची - १ बमोजिमको हुने छ ।

(१२) पदस्थापना गरिने :- यस ऐन बमोजिम समायोजन भएपश्चात गाउँपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी पुनरावलोकनले निर्धारण गरे बमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापना गरिने छ ।

(१३) पुल दरबन्दी सम्बन्धि व्यवस्था :- दफा ३ बमोजिम समायोजन भएका गाउँ सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापना गर्नु अघि स्वत : पुल दरबन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापना गर्नु पूर्व यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

(१४) आवश्यक व्यवस्था मिलाउने :- यो ऐन कार्यान्वयन गर्ने कममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐन प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्ने छ ।

(१५) हालको पद तथा सेवामा कार्यरत कर्मचारीहरुले समान पद तथा सेवा परिवर्तन गर्न चाहेमा मिल्दो पद तथा सेवा परिवर्तन गरी पदस्थापन गर्न सकिने छ ।

(१६) खारेजी र बचाउ :- यस भन्दा अगावै कर्मचारी समायोजन ऐन २०७५ अनुसार समायोजन भएका अन्य सेवाका कर्मचारीहरु यसै ऐन बमोजिम भए गरेका मानिने छ ।

अनुसुची १

दफा (११) को उपदफा (२) संग सम्बन्धीत

समायोजन पत्र

पत्र संख्या :-
मिती .................

चलानी न. :-

श्री..............................................

कर्मचारी सकेत नम्बर

बिषय :-समायोजन गरिएको सम्बन्धमा ।

वर्जु गाउँपालिकाको “कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धी ऐन २०७९” मा भएको व्यवस्था बमोजिम तपाईलाई हाल कार्यरत तहमा काम गरेको अवधिलाई समायोजन पश्च्यातको तहमा जेष्ठता गणना हुने गरी वर्जु गाउँपालिकाको तपसिल बमोजिमको पदमा समायोजन गरी पदस्थापना गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानूनको अधिनमा रही इमान्दारी पूर्वक सम्पादन गर्नु हुने छ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| कार्यरत पदको विवरण | हाल समायोजन भएको विवरण |
|---|---|
| पद :-<br>तह :-<br>सेवा :-<br>समुह :- | पद :-<br>तह :-<br>सेवा :-<br>समुह :- |

बोधार्थ

श्री संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय,सिहंदरबार

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,प्रदेश १

श्री राष्ट्रिय किताबखाना (निजामती)

श्री कर्मचारी संचयकोष,बिराटनगर

श्री नागरिक लगानी कोष,बिराटनगर/काठमाण्डौं

श्री लेखा शाखा,वर्जु गा.पा.अमाहिबेल्हा,सुनसरी

आज्ञाले,

......................................

प्रमोद कुमार चौधरी

प्रमुख प्रशासकिय अधिकृत